ने.रा.बैंक/इ.प्रा./'घ' ४७/०७३/०७४ दर्ता नं.: १४७९५१/७२/०७३

आशा

# आशा लघुवित्त वित्तीय संस्था लि.
## Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

प.सं.च.नं. ५३६/०८०/८१

मिति: २०८१/०१/१४

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
**सिंहदरवारप्लाजा, काठमाण्डौं ।**

**बिषय : <u>सातौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी सम्बन्धमा ।</u>**

महोदय,

उपरोक्त सम्बन्धमा यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेलाई नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०१/०४ गते आ.व. २०७९/८० को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत प्रदान गरेकोले यस वित्तीय संस्थाको मिति २०८०/०१/१४ गते बसेको सञ्चालक समितिको १४६ औं बैठकको निर्णय अनुसार सातौं वार्षिक साधारण सभा मिति २०८१/०२/९ गते, समय : बिहानको ११ बजे र स्थान : होटल उग्रचण्डी, बनेपा-७, काभ्रेपलाञ्चोकमा हुने र सो प्रयोजनको लागि वित्तीय संस्थाको मिति २०८१/०१/२४ गते शेयर दाखिल खारेज बन्द हुने व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ ।

सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८१/०१/१५ गतेको पत्रिकामा प्रकाशित गरिने व्यहोरा अनुरोध गरिन्छ तथा साधारण सभाको प्रस्ताव तथा अन्य विवरण संलग्न बमोजिम रहेको व्यहोरा अनुरोध गरिन्छ ।

धन्यवाद !

भवदीय,

आशा
आशा लघुवित वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

.......................
बद्री प्रसाद दुलाल
कम्पनी सचिव/ का.मु. प्रमुख कार्यकारी अधिकृत

**<u>बोधार्थ :</u>**
**श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।**
**श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाडौं ।**
**श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।**
**श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.पुतलीसडक, काठमाडौं ।**
**श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।**
**श्री प्रभु क्यापिटल लि.कमलादी, काठमाडौं ।**

**केन्द्रीय कार्यालय:** बनेपा-१३, सांगा, काभ्रेपलाञ्चोक
Email: ashamicrofinance@gmail.com, www.ashamicrofinance.com.np
**"विपन्न समुदायका निम्ति आशा"** Hope For Deprived People
( आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति ( एक्विजिसन ) गरी बनेको वित्तीय संस्था )

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको सातौंं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८१/०१/१५**

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८१ साल वैशाख १४ गते शुक्रबार बसेको सञ्चालक समितिको १४६ औं बैठकको निर्णयानुसार यस आशा लघुवित्त वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने :**

मिति : २०८१ जेठ ९ गते बुधवार (तदनुसार २०२४ मे २२)

स्थान : होटल उग्रचण्डी, बनेपा-७, बनेपा बजार, काभ्रेपलाञ्चोक ।

समय : बिहान ११:०० बजे

**छलफलका विषयहरु:**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्त वित्तीय स्थितिको विवरण सम्मको वासलात तथा आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने ।

४. संस्थापक समूहको ४ जना तथा सर्वसाधारण समूहको २ जना गरी जम्मा ६ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

५. सञ्चालक समितिबाट भएको स्वतन्त्र सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

२. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**सातौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

१. सातौं वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८१ वैशाख २४ गते १ दिन शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८१/०१/२३ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न योग्य हुनेछन् ।

२. सातौं वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय-पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक र प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेवसाईट www.ashamicrofinance.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ११:०० बजे देखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।

६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोकमा दर्ता गराउनुपर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा रहने छैन ।

९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ ।

१०. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

११. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोकमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक


**आशा लघुवित्त वित्तीय संस्था लि.**
**Asha Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६००७३
इमेल : info@ashamicrofinance.com.np
वेवसाइट : www.ashamicrofinance.com.np